# "व्यवस्थापकीय र शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि छनोटका आधार", २०७९

प्रस्तावनाः आर्थिक वर्ष २०७९।०८० का लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर) तर्फको स्वीकृत वार्षिक कार्यक्रम कम्पोनेन्ट न २.७.२३.३५ मा रहेको "व्यवस्थापकीय र शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन" कार्यक्रममा विनियोजित बजेटबाट प्रोत्साहन अनुदान पाउने विद्यालय छनोटलाइ व्यवस्थित, पारदर्शी र सूचकमूलक बनाउन, बाञ्छनीय भएकोले,

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७९।६।२४ निर्णय अनुसार नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि विद्यालय छनोटका आधार बनाएको छ ।

१. प्रोत्साहन अनुदान पाउने विद्यालयको संख्या निर्धारण गर्न साथै विद्यालय छनोट एवम् कार्यान्वयनमा सहजीकरण गर्नका लागि देहाय बमोजिमको प्राविधिक समिति रहनेछ ।

उपमहानिर्देशक (शैक्षिक योजना तथा विकास महाशाखा)– शिक्षा तथा मानवस्रोत विकास केन्द्र - संयोजक

निर्देशक – शिक्षा तथा मानवस्रोत विकास केन्द्र (योजना तथा अनुगमन शाखा) -सदस्य

प्रमुख लेखा नियन्त्रक–शिक्षा तथा मानवस्रोत विकास केन्द्र (आर्थिक प्रशासन शाखा)- सदस्य

विज्ञ – सम्बन्धित विषयको बाह्य विज्ञ -सदस्य

निर्देशक – शिक्षा तथा मानवस्रोत विकास केन्द्र (विद्यालय शिक्षा मापदण्ड शाखा) - सदस्य

शाखा अधिकृत (विद्यालय शिक्षा मापदण्ड शाखा) –सदस्य सचिव

२. समितिको काम, कर्तव्य र अधिकारः

क) स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्यमा समावेश भएका विषयहरूका आधारमा नतिजामा आधारित अनुदान पाउने विद्यालयको संख्या निर्धारण गर्ने ,

ख) स्वीकृत आधार बमोजिम विद्यालयको अन्तिम छनोट गर्ने

ग) शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहसँग समन्वय गर्ने,

घ) विद्यालयको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सहजीकरण गर्ने,

ङ) नतिजामा आधारित प्रोत्साहन अनुदान पाउने विद्यालयको अनुगमन गर्ने गराउने,

च) कार्यक्रम सञ्चालनसम्बन्धमा केन्द्रमा सुझाव दिने ।

३. समितिले प्रोत्साहन अनुदान पाउने विद्यालयको छनोट र अनुदान रकम वितरण देहायको आधारमा गर्नेछ।

क) विद्यालय छनोटको मूल आधार शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएको विद्यालयको कार्यसम्पादन परीक्षणबाट प्राप्त नतिजालाइ मानिने ।

ख) प्रतिनिधि सभाकालागि कायम भएका प्रत्येक निर्वाचन क्षेत्रका लागि एक विद्यालयका दरले १६५ विद्यालयको छनोट कार्यसम्पादन परीक्षणको नतिजाका आधारमा उच्च अङ्क प्राप्त गर्ने विद्यालयलाई छनोट गरिने ।

ग) बुँदा न ३.१ (ख) का अतिरिक्त ३५ विद्यालंय छनोट महानगरपालिका र उपमहानगरपालिकाबाट कम्तीमा दुई दुई विद्यालय पर्नेगरी कार्यसम्पादन मूल्याङ्कनबाट उच्चतम अङ्क प्राप्त गर्नेबाट क्रमश गरिने ।

घ) बुँदा न ३.१ (ख) र (ग) अनुसार कार्यसम्पादन परीक्षणबाट उच्च अङ्क प्राप्त गर्ने प्रत्येक निर्वाचन क्षेत्रबाट एक विद्यालय पर्नेगरी छानिएका विद्यालयको सूची शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट प्रमाणित सूचीं माग गर्ने ।

ङ) छनोट हुने विद्यालयलाइ प्रोत्साहन अनुदान वापत रू पाँच लाखका दरले दुईसय विद्यालयलाइ रकम उपलब्ध गराइने ।

४. कार्यसम्पादन परीक्षण हुन बाँकी जिल्लाका हकमा विद्यालय छनोट सम्बन्धी व्यवस्थाः

(क) प्रत्येक निर्वाचन क्षेत्रभित्र एक विद्यालय पर्ने गरी सबैभन्दा बढी माध्यमिक तह सञ्चालन भएका स्थानीय तह छनोट गर्ने ।

(ख) छनोट भएको स्थानीय तहले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट कार्यसम्पादन परीक्षणका लागि विकास गरिएको परीक्षण साधनका आधारमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने ।

(ग) छनोट भएका स्थानीय तहलाइ आवश्यक पर्ने प्राविधिक सहजीकरण गर्नका साथै स्थानीय तहबाट कार्यसम्पादन परीक्षण गरिएका विद्यालयको आवश्यकता अनुसार सत्यापन समेतकालागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाइ अनुरोध गर्ने ।

(घ) स्थानीय तहबाट गरिएको कार्यसम्पादन मूल्याङ्कन गर्दा हाल सञ्चालनमा रहेका विद्यालयहरू मध्ये कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने विद्यालयहरू मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालयलाइ प्रोत्साहन अनुदान पाउने विद्यालयको रूपमा छनोट गर्ने ।

(ङ) स्थानीय तहबाट छनोट भएका विद्यालयको जानकारी शिक्षा तथा मानव स्रोतविकास केन्द्रमा पठाउने र स्थानीय तहको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(च) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोट भएका विद्यालयको नामावली वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

५ रकम हस्तान्तरण: छनोट भएका विद्यालयमा बजेट निकासा खर्च व्यवस्थापन र प्रतिवेदन गर्नुपर्ने विषयसमेत संलग्न गरी प्रति विद्यालय पाँच लाखका दरले स्थानीय तहमा वित्तिय हस्तान्तरण गरिनेछ । छनोट भएका विद्यालयलाइ स्थानीय तहले उल्लेखित रकम तत्काल एकमुष्ट रूपमा निकासा गर्नुपर्नेछ ।

६ अनुदान रकमको उपयोग:(क) अनुदान पाउने विद्यालयका प्रधानाध्यापकले विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्न सहयोग पुर्याउने गरी प्रोत्साहन अनुदान खर्चसम्बन्धी प्रस्ताव तयार गर्नुपर्नेछ ।

(ख) शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधारको प्रस्ताव तयार गर्दा शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययनभ्रमण, प्रविधियुक्त सिकाइ छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाइ प्राथमिकता दिनुपर्नेछ ।

(ग) प्रधानाध्यापकले तयार गरेको प्रस्ताव विद्यालय व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ ।

(घ) समितिले अनुदान रकम प्रयोग गर्नेगरी प्रस्तावित योजना स्वीकृत गर्नुपर्नेछ ।

(ङ) विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत योजनामा मात्र प्रोत्साहन अनुदान रकम खर्च गर्नु पर्नेछ ।

(च) स्वीकृत योजना कार्यान्वयनको नेतृत्व प्रधानाध्यापकले लिनु पर्नेछ ।

(छ) प्रोत्साहन अनुदानबाट सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन विद्यालयले स्थानीय तहमा पठाउनुपर्नेछ ।

७. विद्यालयले सञ्चालन गरेका कार्यक्रमको अनुगमन निरीक्षण स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट गर्न सकिनेछ ।

८. प्रोत्साहन अनुदान पाउने विद्यालयले उक्त अनुदान रकमबाट सञ्चालित कार्यक्रमका प्रमुख उपलब्धि समेटेर अनुसुची १ को ढाँचामा स्थानीय तहमा र स्थानीय तहले अनुसुची २ को ढाँचामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा प्रतिवेदन उपलब्ध गराउनुपर्नेछ ।

९. शिक्षा विकास तथा समन्वय इकाइले प्रोत्साहन अनुदान पाएका विद्यालयको विवरण सहितको प्रतिवेदन अनुसुची ३ को ढाँचामा तयार गरी केन्द्रमा पठाउनुपर्नेछ ।

१०. प्रोत्साहन अनुदानका लागि विद्यालय छनोट एवम् सहजीकरणका सम्बन्धमा कुनै द्विविधा भएमा बुँदा न १ अनुसार गठन भएको प्राविधिक समितिबाट निर्णय भएबमोजिम हुनेछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर